# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १९७ | काठमाडौं | बुधबार, २८ कात्तिक २०८१ | Prabhab National Daily | Wednesday, November 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


## बाकुको आह्वान : कार्वन उत्सर्जन रोकौं, पृथ्वी जोगाऔं

हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौं, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई संकटमा पुऱ्याउँछ भन्ने विश्वले बिर्सन हुन्न ।

■ **रामचन्द्र पौडेल**
**राष्ट्रपति**

पछिल्ला चुनौतीलाई सम्बोधन गर्नका लागि जलवायुको वित्तमा नयाँ सम्झौता हुनुपर्छ । नयाँ वित्तीय लक्ष्य निर्धारण गर्नुपर्छ, विकासशील देशहरूले बाकुबाट खाली हात फर्कनुहुँदैन ।

■ **एन्टोनियो गुटेरेंस**
**महासचिव, संयुक्त राष्ट्रसंघ**




■ **धर्मेन्द्र झा**

**बाकु (अजरबैजान)–** संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूका राष्ट्रप्रमुख र सरकार प्रमुख सम्मिलित शिखर सम्मेलनमा जलवायु परिवर्तनप्रति चिन्ता व्यक्त गर्दै कार्बन उत्सर्जनको न्यूनीकरणमा जोड दिइएको छ ।

बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) मा सहभागी वक्ताहरूले जलवायु परिवर्तनका कारण बढ्दै गएको तापमान र हरित ग्यास उत्सर्जन रोक्नका लागि विश्व समुदायको साझा ऐक्यबद्धतासहितको पहल आवश्यकता औंल्याए । उनीहरूले जलवायु परिवर्तनको असरबाट कुनै न कुनै रूपमा विश्वका हरेक व्यक्ति प्रभावित भएको उल्लेख गर्दै त्यस्ता असरलाई कम गर्नका लागि सबै राष्ट्रको ध्यान जानुपर्ने बताए ।

सम्मेलनलाई सम्बोधन गर्दै नेपालका राष्ट्रप्रमुख रामचन्द्र पौडेलले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आह्वान गरे । उनले भने, 'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौं, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई संकटमा पुऱ्याउँछ भन्ने विश्वले बिर्सन हुन्न ।'

(क्रमशः पृष्ठ २ मा)

### यसपटक नेपालको 'एजेन्डा'

आगामी मंसिर ७ गतेसम्म चल्ने कोप-२९ मा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्यगरी छवटा मुद्दालाई उच्च प्राथमिकता दिई नेपाली प्रतिनिधिहरू कोपमा उपस्थित भएका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानिनोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका छ विषयगत कार्यपत्र तयार गरिएका छन् ।

बाकुमा रहेका राष्ट्रपति रामचन्द्र पौडेलले यहाँस्थित ट्रेन्ड न्युज एजेन्सीसँगको कुराकानीका क्रममा जलवायु परिवर्तनका कारण नेपालजस्ता मुलुकले ठूलो समस्या भोग्नुपरेको र विश्वले यस विषयमा विशेष ध्यान दिनुपर्ने बताए ।

'जसरी बढ्दो जलवायु परिवर्तनका कारण मानव सभ्यता, संस्कृति र पृथ्वीलाई नै चुनौती दिइरहेको छ, यसले हामीलाई इतिहासको महत्त्वपूर्ण मोडमा ल्याएको छ,' राष्ट्रपति पौडेलले भने, 'अवस्था यति गम्भीर छ कि संयुक्त राष्ट्रसंघले विद्यमान जलवायु संकट समाधानका लागि उपयुक्त उपाय अवलम्बन गर्न असफल भयौं भने यस शताब्दीको अन्त्यसम्म तापक्रम तीन.१० डिग्री सेल्सियससम्म वृद्धि हुन सक्ने चेतावनी दिएको छ ।'

## पर्यटनमन्त्री पाण्डेलाई हटाउन राजेन्द्रको 'जोडबल'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सांसद राजेन्द्र बजगाइँ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई जसरी पनि सरकारबाट हटाउने जोडबलमा लागेका छन् । माइतीघरमा एक्लै आन्दोलन गरेर होस् या ट्वीटरको स्पेसमा बोलेर, बजगाइँले पाण्डेलाई हटाउनैपर्ने एकसुत्रे मागमा लागेका हुन् ।

कांग्रेस-एमालेको गठबन्धन सरकार बनेपछि पाण्डेलाई सरकारमा पठाउन नहुने भन्दै रोक्ने जोडबलमा बजगाइँ लागेका थिए । 'बद्रीजी खाली कोटामा बसेर कहिले सहमहामन्त्री, कहिले सांसद सबै भइसक्नुभएको छ, अब फेरि कोटामा मन्त्री हुनुहुन्न भन्ने मेरो तर्क हो,' बजगाइँले भन्दै आएका छन्, 'उहाँभन्दा सक्षम सांसद कांग्रेसमा धेरै छन् ।' पाण्डे कांग्रेसको १४औं महाधिवेशनमा पिछडिएको क्षेत्र कोटाबाट सहमहामन्त्रीमा निर्वाचत भएका हुन् ।

पाण्डे र बजगाइँ दुवै कांग्रेसकै नेता हुन् । कुनै बेला महामन्त्री गगन थापा गुटमा रहेका बजगाइँ पछिल्लो समय शेखर कोइरालानिकट छन् । पाण्डे शेखरकै कोटामा कांग्रेसबाट मन्त्री बनेका हुन् । बजगाइँले मन्त्री पाण्डेविरुद्ध कात्तिक १३ गते साँझ ट्वीटरमा झण्डै एक घण्टा धाराप्रवाह बोलेका थिए । आफूजस्ता कैयन् सक्षम सांसद हुँदासमेत पाण्डेलाई मन्त्री बनाएको भन्दै उनले असन्तुष्टि पोखेका थिए ।

बजगाइँ त्यसपछि माइतीघरमा आन्दोलनमा उत्रिए । आन्दोलनमा कसैले साथ नदिएपछि उनले मन्त्री पाण्डेलाई घूस खाएको आरोप लगाएका छन् । मंगलबार सामाजिक सञ्जालमा मन्त्री पाण्डेले घूस खाएको आरोप लगाउँदै बजगाइँले लेखेका छन्- एक क्यासिनो सञ्चालकले भैरहवाको क्यासिनो अनुमतिका लागि पर्यटनमन्त्री पाण्डेलाई करोड रकम दिएको बताएका छन् ।

उक्त विषयमा कांग्रेसकै नेताहरूबाट 'भेरिफाइ' भइसकेको बजगाइँको दाबी छ ।


**बद्रीप्रसाद पाण्डे,** पर्यटनमन्त्री


**राजेन्द्र बजगाइँ,** सांसद

एक क्यासिनो सञ्चालकले भैरहवाको क्यासिनो अनुमतिका लागि पर्यटनमन्त्री पाण्डेलाई करोड रकम दिएको बताएका छन् । उक्त विषयमा कांग्रेसकै नेताहरूबाट 'भेरिफाइ' भइसक्यो ।

■ **राजेन्द्र बजगाइँ**
**सांसद, नेपाली कांग्रेस**

म पशुपतिनाथको अगाडि उभिएर के कसम खान सक्छु भने कुनै पनि नाममा मैले मन्त्री भएर घूस खाएको सुन्नुपऱ्यो र देख्नुपऱ्यो भने मेरो त्यहीबेला नाश होस् ।

■ **बद्री पाण्डे**
**मन्त्री, पर्यटन**

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई हटाउने पक्षमा सभापति शेरबहादुर देउवा रहे पनि मन्त्री पाण्डेले बचाउ गरेको बजगाइँको तर्क छ । बजगाइँले पाण्डेलाई मन्त्री बन्नसाथ घर किनेको आरोपसमेत लगाएका छन् ।

आफूमाथि लगातार प्रहार हुन थालेपछि मन्त्री पाण्डेले मनोबल गिराउनेगरी प्रचार गरेको भन्दै आफूले घूस नखाएको दाबी गरे । 'म राष्ट्रदेव पशुपतिनाथको अगाडि उभिएर के कसम खान सक्छु भने कुनै पनि नाममा मैले मन्त्री भएर घूस खाएको सुन्नुपऱ्यो र देख्नुपऱ्यो भने मेरो त्यहीबेला नाश होस्,' मंगलबार नेपाल विद्याश्रम संस्कृत माध्यमिक विद्यालयको स्वर्ण महोत्सवका अवसरमा राजधानीमा आयोजित कार्यक्रममा पाण्डेले भने ।

उनले आफूले घूस खाएको विषय पुष्टि गर्नसमेत चुनौती दिए । 'करोड खाएको कुरा केही अनलाइनहरूलाई प्रयोग गरेर, केही बिचौलियाका मतियारहरूले आरोप लगाएका छन्, करोड त के कौडी खाएको पुष्टि गरेको दिन म पशुपतिको ढोकामा आएर आत्महत्या गर्न आत्मविश्वास लिएर राजनीतिमा आएको हुँ,' पाण्डेले भने ।

(क्रमशः पृष्ठ २ मा)

### कांग्रेसबाट कमजोर मन्त्रीको सूचीमा पाण्डे

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा कांग्रेसबाट दुई राज्यमन्त्रीसहित नौ जना मन्त्री छन् । जसको नेतृत्व प्रकाशमान सिंहले गरेका छन् । यी मन्त्रीमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको प्रस्तुति निकै कमजोर भएको कांग्रेसभित्र चर्चा छ । यद्यपि, गत साउनमा भने मन्त्रिपरिषद्मा स्वास्थ्यमन्त्री प्रदीप पौडेलभन्दा वरीयतामा मुनि रहेका पाण्डेलाई माथि तानिएको थियो । वरीयता हेरफेरमा १६ मा रहेका पाण्डेलाई १४ मा उकाल्दै पौडेललाई १६ मा लगिएको थियो ।

गत भदौ १६ गते कांग्रेस सभापति शेरबहादुर देउवाले पाण्डेलाई काम गर्न नसके मार्गप्रशस्त गर्न भनेका थिए । मन्त्रालयमा एमालेका कर्मचारीले काम गर्न नदिएको गुनासो लिएर देउवाकहाँ पुगेका पाण्डेलाई देउवाले भनेका थिए, 'काम गर्न नसके छोड्नुस् । अर्को जान्छन् ।'

देउवाले पछिल्लोपटक ऊर्जामन्त्री दीपक खड्का, पर्यटनमन्त्री पाण्डे र स्वास्थ्यमन्त्री पौडेललाई हटाउने तयारी गरेका छन् । एमालेबाट उद्योगमन्त्री दामोदर अधिकारी, यातायातमन्त्री देवेन्द्र दाहाल र गरिबी निवारणमन्त्री बलराम अधिकारीको नाम सरकारबाट 'आउट' गर्नुपर्नेको सूचीमा रहेको बताइन्छ ।

**सन्दर्भ: वैदेशिक रोजगार**

### म्यानपावर व्यवसायीको गुनासो

## सरकारले जायज माग सम्बोधन नगर्दा व्यवसायी र कामदार मारमा

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारबाट व्यवसायीहरूले राख्दै आएको न्यायोचित मुद्दा सम्बोधन गर्न सधैं आलटाल गर्ने गरेको बताएको छ । व्यवसायीहरूले वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकमा नेपाली कामदारलाई पठाउँदा लिइने सेवा शुल्क र कामदारको लागत खर्च निर्धारण गर्न सरकारसँग वर्षौंदेखि माग गर्दै आए पनि अझै सम्बोधन हुन नसकेको संघले उल्लेख गरेको छ ।

संघले मंगलबार राजधानीमा पत्रकार सम्मेलन गर्दै व्यवसायीहरूको तर्फबाट सेवा शुल्क र कामदारको लागत खर्च निर्धारण मात्र नभई विभिन्न छ बुँदे समस्या निराकरणका लागि सरकारको ध्यानाकर्षण गराएको छ । सरकारले माग सम्बोधनमा आलटाल गरेका कारण व्यवसायीसँगै रोजगारीका लागि विदेश जाने विपन्न वर्गका नागरिकहरूसमेत पीडित हुनुपरेको संघले उल्लेख गरेको छ ।

संघले हरेक वर्ष वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूका लागि लागत शुल्क निर्धारण गर्नुपर्ने माग राख्दै आएको छ । सरकारले २०७२ सालयता मलेसिया र खाडीका केही मुलुकहरूमा 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था गरेको । यो व्यवस्था पूर्ण कार्यान्वयन नहुँदा रोजगारीका लागि विदेश जाने कामदार नै मर्कामा पर्ने गरेको संघको दाबी रहेको छ ।

संघले लिने सेवा शुल्क र कामदारको लागत निर्धारण, युरोपको मागपत्र प्रमाणीकरण, हाल हवाई कम्पनीहरूले लिइरहेको चर्को भाडा घटाउनुपर्ने, जापान, इजरायल र कोरियामा व्यवसायीमार्फत कामदार पठाउन पाउनुपर्ने, घरेलु महिला कामदार पठाउन अनुमति दिनुपर्ने र म्यानपावरले वर्षमा १०० जना कामदार विदेश पठाउनैपर्ने बाध्यकारी व्यवस्था हटाउनुपर्ने उल्लेख गरेको छ । संघले विदेश जाने कामदारसँग लिने सेवा शुल्क र लागत खर्च एक लाख ३२ हजार रूपैयाँ निर्धारण गरेको छ । यसमा समयसापेक्ष हवाइभाडामा हुने वृद्धिका कारण लागत शुल्क बढ्ने बताइएको । 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधानले कामदार र राज्यलाई नै घाटा भइरहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । उक्त प्रावधान सात प्रतिशतमात्रै कार्यान्वयन भएको र ९३ प्रतिशत कामदारले लाखौं रकम तिर्न बाध्य भएको वास्तविकता अध्यक्ष भण्डारीले सार्वजनिक गरेका छन् । सेवा शुल्क र लागत खर्च निर्धारण गर्नुपर्नेमा उनले जोड दिए ।

यस्तै युरोपका विभिन्न देशहरूबाट प्राप्त भएको मागपत्र प्रमाणीकरण हुन नसक्दा रोजगारीको अवसर गुम्दै गएको संघले जनाएको छ । युरोपबाट आएका मागपत्र १८ महिनादेखि प्रमाणीकरण हुन नसकेको भन्दै पछिल्लो समय बिचौलिया र कन्सल्टेन्सीहरूले भिजिट भिसामार्फत युरोप पुऱ्याएर अस्वाभाविक रकम असुल गरी वेरोजगार युवामाथि चर्को आर्थिक भार थोपरिएको संघले उल्लेख गरेको छ । भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृतमार्फत कन्सल्टेन्सीले युरोपलगायत जापान र कोरियासम्म कामदार पठाइरहेका कारण म्यानपावर व्यवसायीहरू धराशायी बन्न पुगेको संघका अध्यक्ष भण्डारीले बताए ।

संघले हाल हवाई टिकटमा कृत्रिम मूल्यवृद्धि गरिएको भन्दै वैदेशिक रोजगारीमा जाने कामदारहरूले अत्यन्त महँगो दरमा टिकट खरिद गर्नुपरेको अवस्थाप्रति पनि सरकारको ध्यानाकर्षण गराएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति गर्दा दैनिक १० घण्टा बन्द हुने कारण देखाइ सीमित एयरलाइन्सहरूले सिण्डिकेट लागू गरी ३०/३५ हजारमा पाइने टिकटको मूल्य ७० देखि ८० हजार रूपैयाँसम्म पुऱ्याइएको संघले उल्लेख गरेको छ । यसको नियन्त्रणमा सरकारले तत्काल कदम चाली नियमित भाडादरमा उड्ने व्यवस्था मिलाउन संघले सरकारसँग आग्रह गरेको छ ।

यसैगरी सरकारले जापान, इजरायल र कोरियामा कृषि, उद्योग, निर्माणलगायतका क्षेत्रमा म्यानपावर कम्पनीमार्फत कामदार पठाउनेगरी कार्यविधि बनाएको भए पनि सो कार्यविधि कार्यान्वयन नभएकोमा संघले असन्तुष्टि जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**दीपक मनाङेको जेलयात्रा**

## एउटै मुद्दामा तेस्रोपटक जेल

■ **जेबी योञ्जन**



■ गण्डकीका पूर्वमन्त्री तथा सांसद दीपक मनाङे उर्फ राजीव गुरुङ तेस्रोपटक जेल चलान
■ ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट दोषी ठहर
■ मंगलबार पक्राउ परेका मनाङे डिल्लीबजार कारागारमा

**काठमाडौं–** ज्यान मार्ने उद्योगमा गण्डकी प्रदेशका सांसद तथा पूर्वमन्त्री दीपक मनाङे उर्फ राजीव गुरुङ तेस्रोपटक कारागार (जेल) चलान भएका छन् । गत साता सर्वोच्च अदालतले उच्च अदालत पाटनको पाँच वर्ष कैद सजाय हुने पुरानो फैसला सदर गरेपछि मंगलबार पक्राउ परेका उनी कारागार चलान भएका हुन् । केन्द्रीय प्रहरी प्रवक्ता दानबहादुर कार्कीका अनुसार उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले काठमाडौंको सानो भऱ्याङबाट पक्राउ गरेको थियो ।

अब उनी यसअघि भुक्तान गरिसकेको सजाय कट्टा गरेर दुई वर्ष चार महिना एक दिन कारागारमा बस्नुपर्ने भएको छ । तर, काठमाडौं जिल्ला अदालतले भने विस्तृत कैदी पुर्जी पछि दिनेगरी अहिले कारागार पठाएको जनाएको छ ।

मनाङेको समूहले २०६१ सालमा अर्का डन मिलनचक्रे भनिने मिलन गुरुङलाई तरबार हानेको थियो । यसपछि काठमाडौं जिल्ला अदालतमा मनाङे समूहविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भयो । अदालतले अन्ततः कुटपिटमा मनाङेलाई दुई वर्ष कैद सजाय सुनायो । अन्य आरोपीहरू गणेश लामा, रेवत कार्की, रमेश सुनुवार र उमेश लामाले सफाइ पाए । मनाङेले भने दुई वर्ष कैद भुक्तान गरे ।

तर, जिल्लाको फैसलाप्रति प्रश्न उठाउँदै सरकारी वकिल कार्यालय तत्कालीन पुनरवेदन अदालत (हालको उच्च अदालत) पाटन गयो । पाटन अदालतले भने मनाङेलाई कर्तव्य ज्यान उद्योगमा पाँच वर्ष कैद हुने फैसला सुनाएको थियो । अरुलाई सफाइ दिने जिल्लाको फैसला सदर भयो ।

जबकि, यसबेला मनाङे मनाङको प्रदेश 'ख'बाट गण्डकी प्रदेश सांसद निर्वाचित भइसकेका थिए ।

निर्वाचित भए पनि ७ माघ २०७४ मा गण्डकी प्रदेशसभाका सबै सांसदले शपथ ग्रहण गर्दा उनले पाएनन् । यसपछि मनाङे २०७५ वैशाखमा उच्च अदालत पाटनमा उपस्थित भएर डिल्लीबजार कारागार चलान भए ।

त्यसपछि आठ महिना कैद भुक्तान गरे । कानुनतः १० वर्षभन्दा कम जेल सजाय भएको मुद्दामा जेलबाहिर बसेरै पुर्पक्ष गर्न पाइन्छ । कानुनको यही सुविधालाई प्रयोग गरेर उनी थप आठ महिना जेल बसेर रिहा भए । लगत्तै उनी पुनरवेदन अदालतको फैसलाप्रति चित्त नबुझाएर सर्वोच्च गए । सर्वोच्चबाट यही २० कात्तिकमा उच्च अदालतको फैसला सदर भयो । यससँगै मनाङेको जेल यात्रा निश्चित भएको हो ।

गुण्डागर्दी पृष्ठभूमिबाट राजनीतिमा आएका उनी २०७४ यता गण्डकीमा दुईपटक सांसद र छ पटक मन्त्री बने । तर, २० वर्ष पुरानो मुद्दाले उनलाई कारागार पुऱ्यायो । सांसद भएदेखि नै उनी विवादमुक्त हुन भने सकेनन् । कास्की जिल्ला फुटबल संघका तत्कालीन अध्यक्ष मिलन गुरुङलाई झापड हानेपछि उनी पक्राउ परे । यद्यपि, सरकार गठनको सन्दर्भमा भने उनी गण्डकी संसद्मा जहिल्यै निर्णायक बने ।

(क्रमशः पृष्ठ ५ मा)

## पृष्ठ १ बाट क्रमशः

### पर्यटनमन्त्री...

#### छानबिन गर्न एमाले नेताको माग

सत्तारुढ दल नेकपा एमालेका नेता कर्ण थापाले करोड घूस खाएको आरोप लागेको पर्यटनमन्त्री पाण्डेमाथि छानबिन हुनुपर्ने माग गरेका छन् । कसैले भनेको भरमा दोषी किटान गर्नुभन्दा यसको न्यायिक छानबिन हुनुपर्ने उनले बताए ।

'आरोप तथ्यमा आधारित हुनुपर्दछ । कसैले भनेका भरमा दोषी वा निर्दोष किटान गर्नु उचित हुँदैन । यसमा पक्ष विपक्षमा लाग्नु पनि ठीक हुँदैन । निष्पक्ष छानबिन गरेरमात्रै यसको निरूपण हुनसक्छ,' मंगलबार थापाले भनेका छन्, 'छानबिनबाट दोषी देखिए दण्डित गर्ने र निर्दोष देखिए ससम्मान सफाइ दिइनु न्याय र लोकतन्त्रसम्मत हुने छ । सबैलाई मेरो अनुरोध छ । न्यायिक छानबिनको माग गरौं ।' गत प्रतिनिधिसभा निर्वाचनमा थापा पाण्डेसँग पराजित भएका थिए ।

●●●

### बाकुको आह्वान...

राष्ट्रपति पौडेलले विश्व समुदायलाई आफू जलवायु न्याय र क्षतिपूर्तिको आवाज लिएर यस सम्मेलनमा सहभागी भएको स्पष्ट पारे । गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै मानव सभ्यताको बचाउमा उपयोग गर्नुपर्नेमा उनले जोड दिए । जलवायु परिवर्तनको मारबाट पृथ्वी नै संकटमा रहेको भन्दै उनले विशेषगरी गरिब, अल्पविकसित, विकासशील तथा साना टापु मुलुकहरू यसको पीडाबाट बढी प्रभावित रहेको जानकारी गराए ।

'नगन्य कार्बन उत्सर्जन गर्ने तर व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको छ,' राष्ट्रपति पौडेलले भने । हालैको बाढीपहिरो तथा हिमताल विष्फोटनलगायतका विपद्बाट सयौं मानिसको मृत्यु र अर्बौंको भौतिक क्षति भएको र त्यसको पुनर्लाभ र पुनःस्थापना अझ भइनसकेको राष्ट्रपति पौडेलले जानकारी गराए ।

'विश्व समुदायको हित र पृथ्वीको रक्षाको लागि नेपालले प्राकृतिक स्रोतसाधनको उपयोगमा अनुशासन कायम राख्दै कार्बन उत्सर्जन न्यूनीकरणको महत्त्वाकांक्षी एनडिसी योजना कार्यान्वयन गरिरहेका छौं, वन क्षेत्र बढाएका छौं, स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएका छौं तथा अरु थुप्रै प्रयासहरू भएका छन्,' राष्ट्रपति पौडेलले भने । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन आज (कात्तिक २८ गते) राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गर्दै छ । सोमबारदेखि सुरु भई आगामी मंसिर ७ गतेसम्म सम्मेलन चल्ने छ ।

सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पछिल्ला चुनौतीलाई सम्बोधन गर्नका लागि जलवायुको वित्तमा नयाँ सम्झौता हुनुपर्नेमा जोड दिए । 'नयाँ वित्तीय लक्ष्य निर्धारण गर्नुपर्छ, विकासशील देशहरूले बाकुबाट खाली हात फर्कनुहुँदैन,' उनले भने । विश्वको तापमान १.५ डिग्री सेल्सियस वृद्धिलाई सीमित गर्न पर्याप्त तयारी गर्न आवश्यक रहेको उनको भनाइ छ ।

उद्घाटन समारोहमा अजरबैजनका राष्ट्रपति इल्हामले विश्वभरका करिब २०० मुलुकका प्रतिनिधिलाई स्वागत गर्दै सबैलाई जलवायुले निम्त्याएका समस्या समाधान गर्न एकता कायम गर्न आग्रह गरे । उनले जलवायु परिवर्तनले निम्त्याएका समस्या समाधान गर्न एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

संयुक्त राष्ट्र जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टियलले जलवायु संकट तीव्र गतिमा अर्थतन्त्रलाई नष्ट गर्ने कारक बन्दै गरेको बताए । उनले विश्वभर बढिरहेको जलवायुजन्य संकटले संसारको हरेक व्यक्ति कुनै न कुनै तरिकामा प्रभावित गरिरहेको बताए । जलवायुजन्य समस्या समाधान गर्न सबै एकजुट भएर लाग्नुपर्ने उनको जोड थियो ।

'जलवायु लक्ष्यमा सहमतिमात्र पर्याप्त छैन । हामीले विश्व वित्तीय प्रणालीलाई पुनः परिमार्जन गर्न कोसिस गर्नुपर्छ । आवश्यक पर्ने राष्ट्रहरूलाई आवश्यक वित्तीय सहयोग दिनुपर्नेछ,' उनले भने, 'यहीँ बाकुमा, हामीले अन्तर ाष्ट्रिय कार्बन बजार सञ्चालनमा ल्याउन, पेरिस सम्झौताको अनुच्छेद ६ लाई अन्तिमरूप दिनैपर्छ । हामीले पूर्वनिर्धारित लक्ष्यअनुसार अघि बढ्नैपर्छ ।'

#### विश्वका नेता बाकुमा

सम्मेलनस्थल बाकुमा सम्मेलनमा भाग लिन विश्वका करिव २०० मुलुकका राष्ट्रप्रमुखदेखि अन्य उच्च व्यक्तित्वहरू कोपमा सहभागी छन् । कोपमा उपस्थित यी प्रतिनिधिहरू हरिया पहिरनमा जतातत्तै देख्न सकिन्छ भने कार, ट्याक्सीलगायतका सवारी साधनमा कोप-२९ को लोगो र प्रचार सामग्री छापिएका देखिन्छन् । बाकुका होटलहरू भरिभराउ छन् । सहभागीहरू तारे होटेल, सामान्य होटल, कोठा, अपार्टमेन्ट र होस्टलहरूमा उपलब्धता र आर्थिक हैसियतानुसार बसेका छन् । सम्मेलनमा ४० देशका राष्ट्रपति वा उपराष्ट्रपति तथा ३५ देशका प्रधानमन्त्री सम्मेलनमा सहभागी भएका छन् ।

नेपालले यसअघि सन् २००९ डेनमार्कको कोपहेगनमा भएको कोप-१५ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको कोप-२४ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा सम्पन्न कोप-२७ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र सन् २०२३ मा संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा उच्चस्तरीय सहभागिता जनाएको थियो ।

नेपालको तर्फबाट हरेक कोपहरूमा जलवायुजन्य संकटका कारण पर्वतीय क्षेत्र असुरक्षित रहेको, हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत हुँदै गइरहेको, हिमताल विष्फोट हुनसक्ने खतरा रहेकोजस्ता जोखिम रहेको भन्दै पर्वतीय मुद्दालाई उच्च प्राथमिकताका साथ उठाइएको छ । *रासस*

●●●

### सरकारले जायज...

उक्त कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ढिलाइ भएको हुँदा सरकार सहजकर्ता भएर व्यवसायीलाई व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गरी व्यवसाय गर्ने व्यवस्था मिलाउन पनि संघले माग गरेको छ ।

यस्तै सरकारले तोकेबमोजिम धरौटी राखेर व्यवसाय गरिरहेका व्यवसायीलाई महिला कामदार पठाउन अनुमति दिनुपर्ने संघको माग छ । मलेसियालगायत खाडी मुलुकबाट ठूलो संख्यामा महिला कामदारको माग भएको हुँदा सरकारले आवश्यक अध्ययन गरी तत्कालै संस्थागत रूपमा पठाउने व्यवस्था गर्नुपर्ने संघको भनाइ छ । साथै म्यानपावर कम्पनीले वर्षमा १०० जना कामदार रोजगारीका लागि विदेश पठाउनैपर्ने र नसकेको खण्डमा खारेज हुने व्यवस्था हटाउनुपर्ने संघले माग गरेको छ ।

## कान्ति बाल अस्पताललाई काठमाडौं महानगरको सहयोग

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले महाराजगञ्जस्थित कान्ति बाल अस्पतालमा 'मोडुलर अपरेसन थियटर' निर्माण गर्ने भएको छ । अस्पतालका निर्देशक डा. पंकज रायले महानगरले उक्त कार्यका लागि पाँच करोड ५० लाख रूपैयाँ उपलब्ध गराउने सम्झौता भएको जानकारी दिए ।

मोडुलर अपरेसन थियटर निर्माण तथा उपकरण जडान आगामी जेठ मसान्तभित्र सम्पन्न गरिने जनाइएको छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाइँले बालबालिकाको उपचार व्यवस्था सहज बनाउन सहयोग गर्न लागिएको बताए । उनले बाल रोगको उपचारका लागि उक्त कार्य सम्पन्न भएपश्चात् महानगरवासीले विशेष सहुलियत प्राप्त गर्ने अपेक्षा गरिएको बताए ।



महानगरपालिकाले प्रगतिका आधारमा बढीमा तीन किस्तामा सम्झौताबमोजिम रकम उपलब्ध गराउने भएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी अद्यावधिक तथा नाम परिवर्तन गरिएको सूचना**

**(तेस्रो पटक सूचना प्रकाशित मिति २०८१/०७/२८ गते)**

त्यस कम्पनीको मिति २०८१/०७/११ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय वमोजिम तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी त्यस कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी त्यस कम्पनीको प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी **काठमाडौं समिट एडभेन्चर प्रा.लि.** कायम गर्न गरिएको संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ पठाइएको व्यहोरा मिति २०८१/०७/२१ को निर्णयानुसार जानकारी गराइन्छ ।



**Phikkal Rural Municipality**
**Office of the Municipal Executive**
Khangsang, Sindhuli
Bagmati Provience, Nepal

**Request for Proposals (RFP)**

**Date of Publication: 2081/07/28**

1. It is notified that with reference to the notice published in "Nayapatrika" daily newspaper on 2081/05/16 regarding "Request for Expression of Interest" for the "Preparation of Land Use Classification Plan, Rural Municipality Transport Master Plan (MTMP), Digital Municipal Profile and Periodic Development Plan", the following shortlisted EOI applicants are requested to submit their technical and financial proposals as per schedule mentioned below.

**List of shortlisted EOI applicants**

1. PICASSO-GENESIS-CDC JV, Lalitpur.
2. GRID-Rajdevi-NEST JV, Kathmandu.
3. Bhugol-Moonlight-BEAG JV, Kathmandu.
4. RAAS-GIC-GOIC JV, Kathmandu.
5. GSES-Pathway-GISRS JV, Kathmandu.
6. ECoCoDE-GEOCOM-SITARA JV, Lalitpur.

2. RFP documents could be obtained free of cost during office hours on all government working days within 30thday of first date of publication of this notice from website http://www.bolpatra.gov.np/egp.
3. Duly completed RFPdocuments should be submitted to the address http://www.bolpatra.gov.np/egp. Clearly mentioning the name of the Job in sealed envelopes before 12 Noon (NST- Nepal Standard Time) within 31stday of first publication of this notice.
4. If the deadline specified herein falls on a government holiday, the deadline shall be extended automatically to the next working day, the same hour.
5. Duly completed RFP documents received after the due date & time, shall be considered late, summarily rejected and returned un-opened.
6. The completed RFP documents received by the due date and within the specified time shall be opened at 13:00 (NST) on the 31stday of first date of publication of this notice in the presence of the applicants or their authorized representatives whosoever wish to attend. Absence of the applicants or their authorized representatives, however, shall not obstruct or prevent the opening of the RFP in any way.
7. The RFP documents received from the consultants will be evaluated on the basis of the approved evaluation criteria. The evaluation of RFP documents of JV consulting firm(s) will be done in cumulative basis. The Quality and Cost Based Selection (QCBS) procedure will be used for final selection of the consulting firm.
8. Phikkal Rural Municipality reserves the right to accept or reject any or all proposals with or without giving any reason whatsoever.
9. Further information on this RFP can be obtained from above address of Phikkal Rural Municipality or contract 9849619986 during office hours in all working days prior to the deadline of submission of RFP.

**Chief Administrative Officer**



भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र रद्ध भएको सूचना**

(सूचना प्रकाशित मिति - २०८१।०७।२८)

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको मिति २०८१।०६।०८ गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिमका ठेक्का यस भिमदत्त नगरपालिकाको मूल्यांकन समितिको मिति २०८१।०७।२० गतेको वैठकको निर्णय अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार मालसामान स्पेसिफिकेशन, डिजाईन विशेषताहरु स्पष्टरुपमा बुझिने गरी उल्लेख गर्नु पर्नेमा उक्त कार्यका लागी लागत अनुमान, BOQ र Specification मा दोहोरो विवरण तयार भई सूचना प्रकाशन भएको देखिएकाले उक्त "Supply, Delivery, Testing and Installation of Street Solar Light" कार्य Bid Document को Section I. Instructions to Bidders मा Clause IFB 37.1 बमोजिम रद्ध गर्ने र सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ बमोजिम अनुरुप हुने गरी स्विकृत Specification अनुसार लागत अनुमान एवम BOQ तयार गरी नयाँ खरिद प्रकृया अगाडी बढाउन कार्यालयलाई सिफारिस भएको एवम २०८१।०७।२३ गतेको कार्यपालिकाको निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को प्रयोजनका लागि बोलपत्र रद्ध भएको सार्वजनिक सूचना सम्बन्धित सबैका जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण |
|---|---|---|
| १ | 14/NCB/SSL/2081/082 | Supply, Delivery, Testing and Installation of Street Solar Light |



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/२८**

**फिनटेक सोलुसन्स प्रा.लि.**को २०८१/०७/२१ गते सम्पन्न विशेष र वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पासपे टेक प्रा. लि.** (प्रा. लि.नं. १३३५०) कायम गर्ने गरी **मिति** २०८१/०७/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कतारमा रोजगार** कम्पनी : Hands Services Company

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ LT. No. 313292 चलानी नं. ६०२२७६३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 3 | 1400 | ५१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456



**युएईमा रोजगार** कम्पनी : ORRO INTERIOR DESIGN L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313340 चलानी नं. ६०२२७८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1200 | ४४,०८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Archives Clerk | 2 | 0 | 1200 | ४४,०८७ | | | | | | | |
| 3 | Air Conditioning Mechanic Asst. | 4 | 0 | 1200 | ४४,०८७ | | | | | | | |
| 4 | Welder | 2 | 0 | 1200 | ४४,०८७ | | | | | | | |
| 5 | Sales Officer | 1 | 0 | 1600 | ५८,७८३ | | | | | | | |
| 6 | Electrician(electric) | 2 | 0 | 1200 | ४४,०८७ | | | | | | | |
| 7 | Civil Engineers | 4 | 0 | 5000 | १८३,६९९ | | | | | | | |
| 8 | Architecture Draftsman | 2 | 0 | 1400 | ५१,४३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं ११९/०५५/०५६
**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**साउदीमा रोजगार** कम्पनी : AL WAHA AL BARDA COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०८/२४ पुनः विज्ञापन स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 296151 चलानी नं. ६०२२२९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**बहराइनमा रोजगार** कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ पुनः विज्ञापन स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 305437 चलानी नं. ६०२२६००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 100 | ३५,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निः शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705, E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



**कुवेतमा रोजगार** कम्पनी : Romosh and Rotosh for Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313418 चलानी नं.६०२२७९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ६५,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Masai Catering Company for Special Events

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313420 चलानी नं.६०२२७९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 4 | 0 | 150 | ६५,९५५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 0 | 6 | 150 | ६५,९५५ | | | | | | | |

कम्पनी : Gravid Dar Ladies Beauty Salon

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313419 चलानी नं.६०२२७९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ६५,९५५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 2 | 100 | ४३,९७० | | | | | | | |
| 3 | Drivers | 2 | 0 | 150 | ६५,९५५ | | | | | | | |
| 4 | Helper | 0 | 5 | 130 | ५७,१६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SMART METERS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313447 चलानी नं. ६०२२७४७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1500 | ५३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WALEED ABDULLAH AL HUMAIDHI TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313448 चलानी नं. ६०२२७४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ६४,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**G.R. Manpower Service Pvt. Ltd.** श्रम इजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com



**साउदीमा रोजगार** कम्पनी : Lulu Saudi Hypermarkets

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ LT. No. 313121 चलानी नं. ६०२२७८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३६,००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facilities Cleaning Worker | 55 | 0 | 1000 | ३६,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**JOB SEEKER MANPOWER Pvt. Ltd.** श्रम इजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np

# कुलेखानीको क्षतिबारे अध्ययन समितिले बुझायो प्रतिवेदन

**काठमाडौं (प्रस)–** कुलेखानी जलविद्युत् केन्द्रको ड्याममा भएको क्षतिबारे अध्ययन तथा छानबिन गर्न गठित समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई प्रतिवेदन बुझाएको छ ।

गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण कुलेखानी जलविद्युत् केन्द्रको ड्यामको ढोका खोल्दा तल्लो तटीय क्षेत्रमा क्षति पुगेपछि ऊर्जामन्त्री खड्काले गत असोज २२ गते अध्ययन समिति गठन गरेका थिए ।

उक्त समितिले १५ दिन लगाएर स्थलगत अध्ययन तथा छानबिन गरी उक्त प्रतिवेदन मंगलबार बुझाएको हो । विद्युत् विकास विभागका उपमहानिर्देशक गोकर्णराज पन्थको संयोजकत्वमा गठित उक्त समितिले तल्लो तटीय क्षेत्रमा भएको क्षतिको विषयमा स्थलगत निरीक्षण गरी क्षतिको विवरण संकलन गरिएको समितिले जनाएको छ ।

कुलेखानी ड्यामको ढोका मापदण्डअनुसार खोलिएको नखोलिएको विषयमा विस्तृतरूपमा अध्ययन गरी भविष्यमा हुने क्षति न्यूनीकरण गर्ने विषयमा सुझाव दिइएको समितिका सदस्यसचिव एवं मन्त्रालयका उपसचिव शालिग्राम भण्डारीले जानकारी दिए ।

# लोपोन्मुख जलचर जोगाउन राप्ती नदी सरसफाइ

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएर बग्ने राप्ती नदीमा सरसफाइ गरिएको छ । राप्ती नदी तटीय सरसफाइ अभियानले सोमबार भरतपुर महानगरपालिका-२२ स्थित पटिहानीबाट भरतपुर महानगरको अन्तिम बिन्दु गोलाघाटसम्मको नदी किनार सरसफाइ गरेको हो ।

नदी किनारमा मानवीय क्रियाकलाप बढ्दै गएपछि चेतना जगाउने उद्देश्यले सरसफाइ कार्यक्रम आयोजना गरिएको राप्ती सरसफाइ अभियानका संयोजक अपिल घिमिरेले जानकारी दिए । करिब ३० किलोमिटरको दूरीमा गरिएको सरसफाइमा करिब दुई हजार ८०० केजी फोहोर स...कलन गरिएको उनले बताए । सो क्रममा सिसा, प्लास्टिक, कपडा, बोटल, धातुलगायत २७ प्रकारका फोहोर भेटिएको जनाइएको छ ।

अभियानले नदी क्षेत्रबाट २५ हजार मेट्रिक टन फोहोर संकलन गरेर व्यवस्थापन गरेको उनले जानकारी दिए । फोहोर संकलन गर्न २१ हजार स्वयंसेवक खटिएको उनले बताए ।

राष्ट्रिय निकुञ्जसँग जोडिएर बग्ने यस नदी क्षेत्रमा लोपोन्मुख वन्यजन्तु, जलचरसमेत पाइन्छन् । तर, मानवीय क्रियाकलापका कारण उनीहरूलाई असर परेको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख डा. गणेश पन्तले जानकारी दिए । 'यहाँ घडियाल गोही जालमा परेको पाइएको छ, मृगहरूले प्लास्टिक खाएको देखिन्छ, गैँडालगायत जनावरका खुट्टामा सिसा गाडिएको देखेका छौं,' उनले भने, 'प्लास्टिक तथा सिसाजन्य फोहोरका कारण वनस्पतिलाई समेत असर पर्ने देखिन्छ ।' राप्ती नदीलाई संरक्षण गर्न मानवीय व्यवहारमा परिवर्तनसँगै कानुन निर्माण गर्नुपर्ने बताए । सरसफाइ कार्यक्रममा निकुञ्जका कर्मचारी, नेपाली सेना, मध्यवर्ती सामुदायिक वनका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, विद्यार्थीलगायतको सहभागिता थियो ।

स्थानीय तह उपनिर्वाचन

# उम्मेदवारको योग्यतासम्बन्धी प्रावधान पालना गर्न निर्देशन

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ । आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानुनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोनयन दर्ता गर्न निर्देशन दिएको हो ।

यसअघि सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहनेगरी मनोनयनपत्र पेस गर्नसमेत निर्देशन दिइएको आयोगले जनाएको छ ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउनेगरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए ।

भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा २० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन ।

संगठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

कानुनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानुनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ । जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानुन बमोजिम निलम्बनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

आगामी मंसिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदै छ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुने छ ।

उपनिर्वाचनका लागि मंसिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ । मंसिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मंसिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुने छ ।

मंसिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिनसक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मंसिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने निर्वाचन तालिका छ ।

## कर्जन्हा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा, मधेश प्रदेश

### बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति: २०८१-७-२८ गते

यस कर्जन्हा नगरपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ३ अनुसार जानकारी गराउन र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्न आशयको सूचना सम्बंधित बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल रकम (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | KM-W-NCB-02-2081-82 | Construction of Adhuro Ward Office And Compound Wall, wardno.1 | Shukh Shanti Nirman Sewa badaharamal-3 | 8433841.99 |
| 2 | KM-W-NCB-03-2081-82 | Adhuro Swasthya Chauki Nirman Karya | Chandra Consultancy And Construction Company Pvt. Ltd. Mirchaiya-01 | 2041520.76 |

प्रमुख प्रशासकीय अधिकृत

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१ /०७/२८ (13th November, 2024)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०६।०६ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोल अंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र. स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मूल्य अभिबृद्धि कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | ***BM/MOR/W/NCB-01-2081-82*** | **Baryati Shakha Nahar Ratna Rai Ko Ghar Dekhi Utar Kalopatre Sadak** | श्री एस.एण्ड एस ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. बुढिगंगा - ३ मोरङ | रू. ३०,०१,९९९.९७ (अक्षरेपी तीस लाख एक हजार नौ सय उनानसय रुपैया पैसा सन्तानब्बे मात्र) |
| २. | ***BM/MOR/W/NCB-02-2081-82*** | **Bishnu Shrestha Ko Ghar Dekhi Hardibari Hudai Subidhar Tole Sammw Kalopatre** | श्री चक्र निर्माण सेवा प्रा.लि. महेन्द्रनगर - ४ सुनसरी | रू. ३१,८६,२९९.९७ (अक्षरेपी एकतीस लाख छयासी हजार दुई सय उनानसय रुपैया पैसा सन्तानब्बे मात्र) |
| ३. | ***BM/MOR/W/NCB-03-2081-82*** | **Buddha Marga Adhuro Sadak Kalopatre** | श्री शीर्ष निर्माण सेवा प्रा.लि. बालकोट - २ सूर्यविनायक भक्तपुर | रू. ३५,४१,९९९.९७ (अक्षरेपी पैत्तिस लाख एकचालिस हजार नौ सय उनानसय रुपैया पैसा सन्तानब्बे मात्र) |
| ४. | ***BM/MOR/W/NCB-04-2081-82*** | **Mul Nahar Keshab Bistako Ghar Dekhi Uttartarfa Kalopatre** | श्री एस. एण्ड एस ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. बुढिगंगा - ३ मोरङ | रू. ३२,६१,३५०.०० (अक्षरेपी बतीस लाख एकसट्ठी हजार तीन सय पचास रुपैया मात्र) |
| ५. | ***BM/MOR/W/NCB-05-2081-82*** | **Bihibare Dekhi Ranpal Adharbhut Bidhyalai Jodne Bato Kalopatre** | श्री चन्द्रसुर्य निर्माण सेवा विराटनगर, मोरङ | रू. ३३,९६,०९६.०० (अक्षरेपी तेतीस लाख छयानब्बे हजार छयान्बे रुपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
### (चावहिल काठमाडौं) को नाममा रहेको गैह्र-बितिय सम्पत्ति लिलाम बिक्री सम्बन्धि
### १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

KUSCCOOP Since 2000

प्रकाशित मिति : २०८१/०७/२८ गते बुधबार

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको गैह्र बित्तिय सम्पत्ति जग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

तपशिल

| क्र.सं. | संस्थाको नाममा रहेको गैह्र बित्तिय सम्पत्तिको विवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | काठमाडौं जिल्ला कपन वडा नं. ३<br>नक्सा सिट नं.१०२०९८८०६<br>कित्ता नं. ५७<br>क्षेत्रफल : ९४.७५ ब.मि. क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | रु.५००/ |

**लिलामका शर्तहरू:**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/- (अक्षरूपी पाँच सय रूपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।

२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८१ साल मंसिर १२ गते दिनको ३:०० बजे भित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।

३). शिलबन्दी बोलपत्र २०८१ साल मंसिर १३ गते बिहीवार दिनको २:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।

४). बोलपत्र स्वीकृत भएमा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरिएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नुपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफ्नो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ता हुनेछैन ।

५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरिकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।

६). कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।

७). लिलाम सम्पत्तिको निरीक्षण गर्न चाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।

८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

९). अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८१/०८/१२ गते बुधवार**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८१/०८/१३ गते बिहिवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा**
**समय : दिउँसो २.०० बजे**

**विस्तृत जानकारीको लागि**
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं ।
फोन नं.: ०१-४५७८००६,४५६५१०२,४५६५२५६,४५६५२७४ मा सम्पर्क गर्नुहोला ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

## Eastern Hydro Power Limited

**Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**1st Quarter as on 30th Ashwin, 2081, F/Y 2081/82**

*Figure in NPR*

| Particulars | This Quarter Ending Ashwin 2081 | Previous Quarter Ending Ashadh 2081 | Corresponding pervious year Quarter ending Ashwin 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non current Assets** | | | |
| Property Plant and Equipment | 635,222 | 794,027 | 1,545,772 |
| Intangible Assets | 1,050,010,563 | 1,062,264,238 | 1,099,270,020 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **1,050,645,785** | **1,063,058,265** | **1,100,815,792** |
| **Current Assets** | | | |
| **Financial Assets** | | | |
| Trade & Other Receivables | 70,347,043 | 52,674,195 | 69,405,286 |
| Short Term Loans & Advances | 107,899 | 64,625 | 911,295 |
| Cash and Cash Equivalent | 11,473,575 | 10,564,941 | 14,895,363 |
| **Other Current Assets** | 7,352 | 1,109,646 | - |
| **Total Current Assets** | **81,935,869** | **64,413,408** | **85,211,943** |
| **Total Assets** | **1,132,581,654** | **1,127,471,673** | **1,186,027,735** |
| **Equity and Liability** | | | |
| **Equity** | | | |
| Share Capital | 620,000,000 | 620,000,000 | 620,000,000 |
| Reserve and Surplus | (160,252,232) | (176,341,221) | (147,289,157) |
| **Total Equity** | **459,747,768** | **443,658,779** | **472,710,843** |
| **Liability** | | | |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 624,963,559 | 635,724,703 | 656,414,732 |
| Lease Liabilities | 221,105 | 221,105 | 221,105 |
| **Total Non Current Liabilities** | **625,184,664** | **635,945,808** | **656,635,838** |
| **Financial Liabilities** | | | |
| Loans and Borrowings (Short Term) | 31,112,922 | 29,073,968 | 24,580,718 |
| Trade and other Payables | 5,655,114 | 3,599,073 | 3,093,479 |
| Retention Liabilities | 1,307,204 | 1,307,204 | 3,420,492 |
| Other Current Liabilities | 9,573,981 | 13,886,840 | 25,586,365 |
| **Total Current Liabilities** | **47,649,221** | **47,867,085** | **56,681,055** |
| **Total Liability** | **672,833,885** | **683,812,894** | **713,316,893** |
| **Total Equity and Liability** | **1,132,581,654** | **1,127,471,673** | **1,186,027,735** |

### Unaudited Income Statement
**For the period 1st Shrwan 2081 to 30th Ashwin 2081**

| Particulars | This Quarter Ending Ashwin 2081 | Previous Quarter Ending Ashad 2081 | Corresponding perviuous year Quarter ending Ashwin 2080 |
|---|---|---|---|
| **Revenue from operation** | 46,861,567 | 112,051,295 | 46,622,488 |
| Cost of Sales | 3,785,877 | 18,246,205 | 3,696,612 |
| **Gross Profit** | **43,075,690** | **93,805,090** | **42,925,876** |
| Other Income | - | 210 | - |
| **Expenses** | | | |
| Employee Benefits | 638,220 | 839,370 | 97,050 |
| Administrative Expenses | 404,951 | 2,226,165 | 752,369 |
| IPO Issue Expenses | - | - | - |
| Depreciation and Amortization Expenses | 12,412,481 | 50,017,027 | 12,504,257 |
| **Total Expenses** | **13,455,651** | **53,082,562** | **13,353,676** |
| **Profit Before Financial Cost, Bonus &** | **29,620,039** | **40,722,738** | **29,572,200** |
| Finance Cost | 13,531,050 | 54,218,202 | 14,012,031 |
| **Profit Before Bonus & Tax** | **16,088,989** | **(13,495,465)** | **15,560,169** |
| Staff Bonus | - | - | - |
| **Profit Before Tax (PBT)** | **16,088,989** | **(13,495,465)** | **15,560,169** |
| Income Tax Expenses | - | - | - |
| **Profit for the Period** | **16,088,989** | **(13,495,465)** | **15,560,169** |

Notes: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३,**
**(अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**
**आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन**

**१. वित्तीय विवरण**

क. आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिति २०८१/०७/२८ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।
ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानी** | २.५९ | **प्रति शेयर कुल सम्पत्तिको मुल्य** | १८२.६७ |
| **प्रति शेयर नेटवर्थ** | ७४.१५ | **मूल्य आम्दानी अनुपात** | ३६४.१६ |
| **तरलता अनुपात** | १.७२ | | |

**२. व्यवस्थापकीय विश्लेषण :**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरू हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत बिक्रीबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार निम्नानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसार:

| | | | |
|---|---|---|---|
| **अधिकतम मूल्य रु.** | ९९७.०० | **अन्तिम मूल्य रु.** | ९४५.०० |
| **न्यूनतम मूल्य रु.** | ५३०.३० | **कारोवार दिन** | ५७ |
| **कारोवार संख्या** | १३५२४ | | |

**५. समस्या तथा चुनौती :**
संस्थाले बहन गर्नु परेको समस्यामा विद्युत बिक्री मूल्य समायोजना हुन नसक्नु हो । विद्युत बिक्री मूल्य समय समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरू बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

**६. संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रिहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भारतको विमानस्थल प्रयोग गर्नुपर्ने बाध्यता हटाऊ

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि उडान कटौती गरिएको कारण देखाउँदै हवाई कम्पनीहरूले अस्वाभाविकरूपमा टिकटको मूल्य बढाए । त्यसको प्रत्यक्ष मार वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई परेको छ । उता भारतबाट भने निकै सस्तोमा उडान गरिरहेका छन्, त्यही हवाई कम्पनीहरू । सोही कारण सरकारले वैदेशिक रोजगारीमा जानेहरूलाई भारतको विमानस्थल प्रयोग गर्न दिने निर्णय गरेको छ । विमानस्थल स्तरोन्नतिका लागि ३० प्रतिशत उडान कटौती भएपछि हवाई भाडा दोब्बर बढाइएको जुन अस्वाभाविक मात्र होइन, अमानवीय नै भन्दा पनि फरक पर्दैन ।

युएईमा जान २५ हजार पर्ने टिकट अहिले ६० हजार रूपैयाँभन्दा बढी तिर्दा पनि पाउन छाडेको छ । रोजगारदाता कम्पनीले केही महिनाअघि नै हवाई टिकटको सम्झौता गर्नुपर्ने हुन्छ । तर, चर्को दर देखिएपछि रोजगारदाता कम्पनीहरूले पनि टिकट दिन छाडेका छन् । भैरहवामा अन्तर्राष्ट्रिय उडान बढाउन थालेयता श्रमिकले टिकट पाउन छाडेका हुन् । पहिले एउटै अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउँदा सहजै विदेश आउजाउ गर्न सकिने अवस्थामा देशभित्रै दुई–दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदा पनि किन भारतीय विमानस्थल प्रयोग गर्नुपर्ने अवस्था आयो ?

कतै मर्मतका नाममा भैरहवा विमानस्थल प्रयोग गर्न सरकारले प्रेसर दिएको पो हो कि ? यसले अन्तर्राष्ट्रिय विमान कम्पनीहरू रुष्ट त छैनन् ? कुनै पूर्वाधारको तयारीविना जबरजस्ती भैरहवा विमानस्थलमा उडान भर्दा पहिले पनि विस्तारै बन्द भएको थियो । सामान्यतया त्रिभुवन विमानस्थलमा आउजाउ गर्ने उडानमा आउनेभन्दा जाने यात्रुमात्र बढी हुन्छन् । यस्तो अवस्थामा पनि अन्तर्राष्ट्रिय हवाई कम्पनीले ‘रिस्क’ लिएरै उडान भरिरहेका छन् । सरकारले भैरहवालाई ‘डेस्टिनेसन’ बनाउँदा यी विषय ख्याल गरेको भए सायद वैदेशिक रोजगारीमा जानेहरूले भारतको विमानस्थल प्रयोग गर्नुपर्ने अवस्था आउने थिएन ।

सामान्यतया भारतको बाटो हुँदै अन्य देशको यात्रालाई निकै सकस मानिन्छ । खाडी मुलुकदेखि अन्य देशमा जाँदा नेपाली यात्रुले भारतीय पक्ष र नेपाली पक्षका अधिकारीहरूले नाकामै दुःख दिन्छन् । ऋण गरी कमाउन जान लागेका कामदारको भारतसम्म पुग्दा खर्च बढ्ने त भयो नै सरकारी अधिकारीहरूले दिने दुःखको पारो निकै माथि पुग्ने छ । यसअघि भारतबाट तेस्रो मुलुक जाँदा एनओसी लेटर चाहिन्थ्यो । अहिले सरकारले जनतालाई भारतकै विमानस्थल प्रयोग गर्न यही एउटा एनओसी नचाहिने व्यवस्था गरेको बताएको छ । दसैंयता हवाई भाडा बढाएर उडान क्षेत्र विवादमा आएकै छ । नेपाली आकाश जोखिममा छ भन्दै बिमा रकम बढाउँदा पनि हवाई भाडा बढ्दो छ । कतै भाडा बढाउने विषयमा व्यापारीहरूको मिलेमतो त छैन ? यस विषयमा गम्भीर छानबिन होस् । हवाई भाडा बढेको क्षणिक निहुँमा आफ्ना दुई–दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल हुँदा पनि विदेशी विमानस्थल प्रयोग गर्न बाध्य नबनाइयोस् ।

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो । क्रमश :

# आत्महत्या न्यूनीकरणको मार्ग



■ नेत्र सुवेदी "प्रयास"

> मानव मस्तिष्कमा “सेरोटोनिन” नामक तत्वको कमी भयो भने तनाव बढी हुन्छ भनिन्छ । यस्तो तत्व जागृत गर्नका लागि योगध्यान साधना सहयोगी हुने देखिन्छ । यस्तो खालको ध्यानको उपादेयता थाहा भयो भने व्यक्तिले नियमितरूपमा ध्यान गर्ने सम्भावना हुन्छ । ध्यानका बखत दिमाग सजग र शरीरलाई सहज भयो भनेमात्र यसको प्रभाव राम्रो पर्दछ । योगका बेला पनि मन भागिहाल्यो भने त्यसलाई समातेर पुनः योगमा लगाउनुपर्ने हुन्छ । भावनाहरू मनमा आउँदा त्यसलाई हेर्ने तर प्रतिक्रिया नजनाउने गर्नुपर्दछ । फलस्वरूप तनावमा कमी आउने, आपसी सम्बन्धहरूमा सुधार हुने र जीवन जिउन सरल हुन्छ । क्षमा माग्ने र क्षमा दिने कलाको विकासले पनि मानिसको मनको भारी हलुका हुन जान्छ ।

जीवनउपर आफैंले रोक लगाउनु वा आफूले आफैंलाई मार्नु नै आत्महत्या हो । आत्महत्या गर्नु भनेको मानव विकास, पुस्ताको निरन्तरता र सामान्य जीवन प्रक्रियाको पनि विपरीत कार्य हो । पश्चिम अस्ट्रेलिया, स्वीटजरल्यान्ड र अमेरिकाका केही राज्यमा स्वेच्छिक मृत्युको सुविधा भएता पनि हाम्रो देशमा आत्महत्यालाई गैरकानुनी कार्य मानिएको छ । आत्महत्याका लागि प्रयोग भएका नदीमा हेलिने, पुलबाट हाम्फाल्ने, झुण्डिएर मर्ने, विष सेवन गरेर प्राण त्याग गर्नेजस्ता हर्कतहरूले समाजलाई असीमित पीडा दिएको हुन्छ । जब आफन्तजन वा चिनेका व्यक्ति नै आत्महत्या गर्दछन् तब यी घटनाहरू हुन नदिन के गर्न सकिन्छ भन्ने बहस पनि चल्ने गर्दछ ।

समाजशास्त्रका अगुवा व्यक्तित्त्व फ्रेञ्च विद्वान इमाइल दुर्खिमले आफ्नो खोजमूलक पुस्तक सुसाइडः अ स्टडी इन सोसियोलजी (१८९७) मा आत्महत्याको खास कारण मनोवैज्ञानिकभन्दा पनि सामाजिक हुने र व्यक्ति रहेको समाजसँगको अन्तरक्रियामा निर्भर गर्ने बताएका छन् । उक्त पुस्तकमा उनले अहंकारी, परोपकारी, असामाजिक र भाग्यवादी गरेर चार किसिमका आत्महत्याको सम्बन्धमा चर्चा गरिएको छ । उनले १९औं शताब्दीको अन्त्यतिर गरेको विश्लेषणमा सामाजिक एकता कमजोर रहेको भनेका थिए । अहिलेको नेपाली समाजलाई नियाल्दा पारिवारिक विखण्डन र सामाजिक विचलन दुवै बढेको छ भने आत्महत्याको दर पनि बढेर गएको छ ।

विश्वभर वार्षिक करिब आठ लाख मानिस आत्महत्या गर्दछन् । संयुक्त राज्य अमेरिकामा वार्षिक ४५ हजार र नेपालमा वार्षिक सात हजार व्यक्तिले जीवनलाई विश्राम दिनका लागि आत्महत्यालाई रोज्ने गरेको पाइएको छ । अभिलेखमा नआएका कतिपय मामिलाले यो आँकडालाई अझ बढाउने देखिन्छ । जीवनको कुनै न कुनै समयबिन्दुमा आत्महत्याको सोच आउनेहरू त करोडौंको संख्यामा होलान् । यसरी हेर्दा आत्महत्या एक साझा सामाजिक समस्याका रूपमा रहेको छ । अमेरिकामा माध्यमिक विद्यालयका विद्यार्थीहरूबीच भएको एक अध्ययनको निष्कर्षअनुसार छ जना विद्यार्थीमा एक जनाले आत्महत्याको सोच राख्दछ भने ११ जनामा एक जनाले भने साँच्चै नै आत्महत्या गर्ने गरेको देखाइएको छ ।

### आत्महत्याको कारण

आत्महत्याका घटनाहरूको सामाजिक पक्षलाई सरसर्ती केलाउँदा सानोतिनो असफलतापश्चात् आमाबाबुसँग सामना गर्न नसक्नु, प्रेम सम्बन्ध टुट्नु, उमेर नपुग्दै विवाह गर्नु, प्रेम विवाह गरे पनि बिस्तारै सम्बन्धमा दरार आउनु, अभिभावकबीचको सम्बन्धमा विग्रह आई पारिवारिक वातावरणमा तीक्तता बढ्नु, नवविवाहित जोडीमध्ये कुनै वा दुवै विदेशमा गई भेटघाट लामो समयसम्म नहुनु र सम्बन्ध बिग्रनु, मादकपदार्थ सेवन गरी हिंसाजन्य क्रियाकलाप गर्दा जीवनउपर भरोसा हराउनु, आफ्नै सन्तानबाट हेलामा पर्नुजस्ता कारण देखापर्दछन् । सामाजिक सञ्जालको स्वच्छन्द प्रयोग पनि सम्बन्धहरू बिगार्ने र अपेक्षा बढाउने कारण भएको छ । तथापि यी कुनै पनि कारण हुँदा मृत्यु नै रोज्नुपर्ने हुँदैन । जुनसुकै अवस्थामा पनि यो अमूल्य जीवन जिउनु नै उत्तम हो । बढ्दो अपेक्षाबीच अधैर्यता बढेको र स्वयंलाई सन्तुलनमा राख्ने ऊर्जा हराउनेजस्ता कारण भने मुख्यरूपमा जिम्मेवार देखिन्छन् ।

### दुर्लभ छ जीवन

हाम्रो जीवन भनेको महासागरजस्तै हो । सागर भनेपछि यसमा फरक-फरक अवस्था पटक-पटक आइरहन्छन् । तथापि, सागर हुनुको पहिचान कायम हुन्छ । कहिले शक्तिशाली आँधी आउँछ टोर्नेडो चल्दछ, कहिले सामान्य तरंगहरू तरंगित भइरहेका हुन्छन् भने कहिले सागर पनि शान्त रहन्छ । हुन त जीवनमा देखापर्ने जुनसुकै समस्याको समाधान हुन्छ । जीवनबाटै बाहिर जान खोज्नु कदापि समाधान होइन । यो त भागेजस्तो हो । आत्महत्या एक दुःखद घटना त हुँदै हो तर यो यसबाहेक अपराध पनि हो । मनन गर्नुपर्ने विषय के छ भने मानवीय जीवन प्राप्ति नै आफैंमा एउटा दुर्लभ घटना हो ।

सिद्धार्थ गौतमले सानो उमेरमै बिमारी, बूढो र मृत्यु भएको मानिस देख्दा पीडा भएको र कारण सोधेको प्रसंग छ । उनले मानव जीवनका सम्बन्धमा भनेका छन् कि- मानव जीवन भनेको पीडाहरूले भरिएको छ । पीडा र दुःखहरूको कारण हुन्छ र समाधानको उपाय पनि हुन्छ । समाधानतर्फ नलागेर मरेर अर्को जन्म लिन्छु भनेर आत्महत्या गरिहाल्यो भने पनि अर्को जन्म पनि पीडारहित त हुँदैन भन्ने मनन गर्नुपर्दछ । दुःख चिन्ताको सोचाइ नै नआउने त को होला र ? त्यस्तो सोचाइ आउँदा आफूमा देखिएका संवेगहरू लुकाउनु ठीक होइन । ती संवेगलाई आफूले अनुभूत गर्ने र लुकाउनुको सट्टा आफ्नो मिल्ने र विश्वासको साथी वा आफन्त वा परिवारजनलाई सुनाउनु उपयुक्त हो । उक्त व्यक्तिले भन्ला कि मलाई पनि यस्तो भएको थियो आत्तिनु पर्दैन । घुम्न जाऊ वा योगध्यान गर वा अध्ययन गर वा यो फिल्म हेर वा खेल हेर्न जाऊ वा यस्तै । आत्महत्याको सोचबाट टाढा बस्ने अर्को उपाय भनेको स्वयंलाई प्रेम गर्नु पनि हो । आफूलाई बलियो बनाउनका लागि अन्तरआत्माले के मागेको छ के कुरामा रुचि छ, जायज माग पूरा गर्ने र राम्रा उपलब्धि भएका बखत आफूलाई पुरस्कृत गर्ने अर्थात् स्वयंलाई बधाई ज्ञापन गर्ने पनि गर्नु पर्दछ । म भगवान्को असल आत्मा हुँ र मैले मलाई नै प्रेम गर्छु जस्ता भाव जागृत गर्नु पनि असल जीवनका लागि उपयोगी हुन्छ ।

सद्गुरुले भन्नुभएझैं हामी हाम्रो शरीरको असली सिर्जनाकार होइनौं । आफूले सिर्जना नगरेको हुँदा अन्त्य गर्ने अधिकार हामीलाई छैन । हामीले त दीर्घकालसम्म प्राप्त गर्नेगरी जीवनको लक्ष्य निर्धारण गर्न सक्नुपर्दछ । एकपटक विचार गरौं न आत्महत्या गर्नेले आफूलाई सम्हाल्न नसकेर प्राण त्याग्दछ तर के थाहा ऊ संयमित भएर बाँचेको भए जीवनमा नयाँ मोड पनि आउन सक्थ्यो । समयसँगै राम्रा कुराले पर्खेको हुन सक्छ धैर्यता राख्न सक्नुपर्दछ । जीवन रहचो मात्रै भने पनि खुसीपूर्वक जिउने र प्रगति गर्दै जाने परिवेश देखापर्न सक्छ ।

मानव मस्तिष्कमा ‘सेरोटोनिन’ नामक तत्त्वको कमी भयो भने तनाव बढी हुन्छ भनिन्छ । यस्तो तत्त्व जागृत गर्नका लागि योगध्यान साधना सहयोगी हुने देखिन्छ । यस्तो खालको ध्यानको उपादेयता थाहा भयो भने व्यक्तिले नियमितरूपमा ध्यान गर्ने सम्भावना हुन्छ । ध्यानका बखत दिमाग सजग र शरीरलाई सहज भयो भनेमात्र यसको प्रभाव राम्रो पर्दछ । योगका बेला पनि मन भागिहाल्यो भने त्यसलाई समातेर पुनः योगमा लगाउनुपर्ने हुन्छ । भावनाहरू मनमा आउँदा त्यसलाई हेर्ने तर प्रतिक्रिया नजनाउने गर्नुपर्दछ । फलस्वरूप तनावमा कमी आउने, आपसी सम्बन्धहरूमा सुधार हुने र जीवन जिउन सरल हुन्छ । क्षमा माग्ने र क्षमा दिने कलाको विकासले पनि मानिसको मनको भारी हलुका हुन जान्छ । रिस, घमण्ड, इर्ष्यारूपी संवेगको भारी बोकेर हिँड्दा त्यस्तो व्यक्तिले गर्ने व्यवहार पनि खराब हुन्छ र पछि पछुताउनुपर्ने हुन्छ ।

### मनको स्वस्थता आवश्यक

चेतनशील प्राणी भएको हुँदा मानवमा संवेग उत्पन्न हुनु स्वाभाविक नै हो । मानिस मेसिन वा रोबोट हैन । चिन्तनशील प्राणी भएको हुँदा थरिथरिका संवेगहरू आइरहन्छन् तर कुन संवेगलाई कतिबेला प्रयोग गर्ने र कसरी गर्ने भनी छनोट गर्ने भने सम्बन्धित व्यक्तिले नै हो । मनमा उठ्ने विचारले व्यक्तिमा भावनाहरू तरंगित हुन्छन् । भावनाको किसिमअनुसार शरीरमा पनि छटपटी वा ऐँठनजस्ता असर देखा पर्दछन् भने व्यवहारमा पनि नकारात्मक असर देखापर्दछ । तर, एउटा विषय के पेचिलो छ भने एउटै घटनामा परेका दुई फरक व्यक्तिलाई फरक खालका भावना आउनसक्छ । कुनैमा प्रतिशोधको भावना त अर्कोमा सहयोगको भावना ।

मनोविश्लेषक डा. करुणा कुँवरका अनुसार आत्महत्या गर्ने सोचाइ राखेका ९९ प्रतिशत व्यक्तिले आत्महत्या गर्ने अभिव्यक्ति दिन्छन् । व्यक्तिमा केही गर्न सक्छु भन्ने आशा जब कमजोर हुँदै जान्छ, तब उसले जीवन जिउनुको अर्थ देख्दैन । त्यति नै बेला उसले परिवारको सदस्य वा साथीसमक्ष खुलेर कुरा गर्नुपर्दछ र सुन्नेले सो कुरालाई गम्भीरतापूर्वक लिएर किन आत्तिएको म तिम्रो साथमा छु नि सबै ठीक भएर जान्छ भनेर उसलाई एक्लै हुने अवसर नदिएमा समस्या हटेर जान्छ । आत्महत्याको विचार पनि अरू विचारजस्तै अनित्य वा अस्थायी हुन्छ । यदि कुरा अरूलाई भन्दैन तर उसको आनीबानी हेर्दा चिन्तित छ, काममा जान पनि जाँगर गर्दैन, खाना खानसमेत मान्दैन, उसको रुचिका विषयहरूमासमेत रमाउँदैन भने मनोविद्समक्ष लगेर नियमित परामर्श लिने अवस्थाको सिर्जना गर्न सकिन्छ ।

शरीरमात्र हैन, मन पनि बिमारी हुनसक्छ भन्ने जागरण बढ्दै गएको छ । मानसिक रोग लाग्दा लाञ्छना लगाउने कि उसलाई उपचारको उचित प्रबन्ध गर्ने हामी परिवार, समाज र साथीभाइको बुझाइमा निर्भर गर्दछ । परिवारभित्रकै अभिभावक र अन्य सदस्य पनि संवेदनशील हुन जरुरी छ । परिवारले स्वीकार गरेन भने समुदायलेसमेत अस्वीकार गर्ने सम्भावना बढेर जान्छ । सुरक्षित यौनव्यवहारका विषयमासमेत खुला छलफल र संवाद हुन जरुरी छ । शारीरिक सुख भावनात्मक सुखभन्दा फरक अर्थ राख्दछ । अब्राहम मास्लोले आधार भूत आवश्यकता शरीरको आवश्यकतासँग सम्बन्धित रहेको र ती आवश्यकता पूरा भएपश्चात् क्रमशः मन र आत्मासँग सम्बन्धित आवश्यकता जागृत हुने बताएका छन् । यद्यपि, आफ्नो शरीर र मनमा उत्पन्न भएको संवेगउपर नियन्त्रण गर्नसक्ने, जिम्मेवारी लिनसक्ने हुनुपर्नेमा अरूमा निर्भर वा अरूलाई दोष थुपार्ने प्रवृत्ति हुँदा समस्या उत्पन्न भएको हुन्छ । असफल हुँदा के कस्तो सुधार आवश्यक छ भन्नेतर्फ त्यही असफल प्रयत्नबाट पाठ सिकेर आशावादी हुँदै अगाडि बढ्न सकिन्छ । मानवीय जीवनका भौतिक, बौद्धिक, भावनात्मक र आध्यात्मिक आयाममध्ये पछिल्ला दुई आयामहरूलाई समेत महत्त्व दिन सकेमा जीवन सन्तुलित बन्दछ । नियमित साधनाबाट कतिबेला मौन रहने, के कसरी अभिव्यक्ति दिने र सार्वजनिकरूपमा अभिव्यक्ति दिँदा विषयमा ख्याल गर्ने भन्नेसमेत सिक्न सकिन्छ ।

### संस्कार र साधना

व्यक्तिमा कहीँ जान वा कसैसँग बोल्न डराउने सानो कुरामा प्रतिक्रिया जनाउने बानी छ भने बुझ्नुपर्दछ कि उक्त व्यक्तिसँग ऊर्जा कम छ । शक्ति बढाउनका लागि नयाँ ढंगले जिउन र साधना गर्न आवश्यक छ । प्रवचन वा संगीतमार्फत ऊर्जायुक्त भावनाको तरंग प्रवाह गर्दा पनि सत्संगमा रहनेहरूमा ऊर्जा वृद्धि हुन्छ । त्यस्तै, प्रकृतिसँग रमाउने क्रियाकलापमा सरिक हुनु उपयुक्त हुन्छ । करेसाबारीमा काम गर्ने, खेतीपाती, पशुपालन, फलफूल खेतीलगायतका विकल्पहरू पनि हामीसँग छन् । फुर्सदको समयमा कौसीखेती गरेरै पनि सहरका बासिन्दाले ताजा चीजबीज जुटाएका मात्र हुन्नन् कि आफूलाई समेत चुस्त राख्ने प्रयास गरेका हुन्छन् । वास्तवमा अल्छी गर्नु भनेको सुख पाउनु कदापि हैन र मिहेनत गर्नु दुःख पनि होइन । संस्कृतमा भनिएको छ- आलस्यं हि मनुष्याणां शरीरस्थो महान् रिपुः । नास्त्युधमसमो बन्धुः कृत्वा यं नावसीरति । यसको अर्थ हुन्छ ‘आलस्य नै मनुष्यको महान् सत्रु हो । उद्यम बराबरको अरू मित्र छैन । मिहेनत गरेर कसैले दुःख पाउँदैन ।’ त्यस्तै छिटोभन्दा छिटो धन कमाउने सबैलाई खुसी राख्ने र जुनसुकै माध्यमबाट भए पनि धनसम्पत्ति कमाउने इच्छा राख्नु उपयुक्त होइन । लोभ र मोहले राम्रो गर्न खोज्दा अप्ठेरोमा पार्न सक्छ ।

अर्को एउटा श्लोक छ- लोभात् क्रोधः प्रभवति लोभात् कामः प्रजायते । लोभान् मोहश्च नाशश्च लोभः पापस्य कारणम् । यसको अर्थ हुन्छ कि ‘लोभबाट क्रोध उत्पन्न हुन्छ लोभबाट पञ्चन्द्रीय सिर्जित विषय वासना जाग्दछ र मोहले नाश हुन थाल्दछ र लोभ नै पापको कारण बन्दछ ।’ त्यसैले पनि नागरिक तहसम्म नै असल जीवन प्रणाली र साधनाको सामूहिक वातावरण सिर्जना गर्नका लागि सबैको सहयोग र सहकार्य आवश्यक पर्ने देखिन्छ । भवतु सब्ब मंगलम् । *रासस*

*(लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुन्)*

## पत्र-मञ्जुषा

### संविधानमा निःशुल्क स्वास्थ्य उपचार, व्यवहारमा कहिले ?

नेपालको संविधानले हरेक नागरिकको मौलिक हकको संरक्षण गरेको छ । कुनै नागरिक जन्मिएपछि उसको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था सरकारले गर्नुपर्छ । तर, सरकारले नागरिकमाथि विभेद गरिरहेको छ । केही महिनाअघि सरकारले एउटा निर्णय गर्‍यो, ‘१४ वर्षमूनिका बालबालिकालाई क्यान्सर लागेमा निःशुल्क उपचार गर्ने ।’

अन्य नागरिकको हकमा चाहिँ के ? क्यान्सर लागेका बिरामीको निःशुल्क उपचार गर्ने सरकारको निर्णय महत्त्वपूर्ण छ । तर, १४ वर्षमूनिकोचाहिँ उपचार गर्ने अनि अरूलाईचाहिँ मर्न छोडिदिने त भेदभाव भएन र ? राज्य सबै जनताको अभिभावक हो । सबै जनतालाई राज्यले समान व्यवहार गर्नुपर्छ । बराबर हकअधिकार दिनुपर्छ । विडम्बना, सरकारद्वारा ‘बच्चा खेला’ को जस्तो निर्णय भइरहेको छ । पछिल्लो समय मुलुकमा नसर्ने रोगीको संख्या ह्वात्तै बढेको छ । अस्पतालमा गयो भने मिर्गौलापीडित र क्यान्सरपीडित मात्रै भेटिन्छन् । सबै उमेर समूहलाई यो रोग लागेको छ ।

यी रोगको उपचार एकदमै महँगो छ । औषधि उपचार गर्दा सर्वसाधारणले आफ्नो घरखेत नै सिध्याउनुपर्ने बाध्यता छ । एकचोटि उपचार गर्दा लाखौं रूपैयाँ खर्च हुन्छ । पैसा हुनेले त उपचार गर्लान् । नहुनेलाई त मर्नुबाहेक अर्को विकल्प नै छैन । सरकारले सरकारी कर्मचारीलाई महिनावारी तलब दिन्छ । तैपनि उनीहरूलाई नै उपचारमा छुट दिइएको छ । उनीहरूको उपचारका निम्ति सरकारले अस्पताल नै तोकिएको छ । सर्वसाधारणसँग न रोजगारी छ न सरकारले कतै उपचार निःशुल्क नै बनाइदिएको छ । देशमा सरकार भएरमात्र हुँदैन रहेछ । सरकारले ‘हुनेसँग लिने र नहुनेलाई दिने’ हो । सरकार पुल बन्नुपर्थ्यो । तर, हाम्रो सरकार नाममात्रको सरकार बनेको छ । पहुँच हुनेले कर नतिर्दा पनि ठीकै छ ।

सरकारले कर उठाउन सकेको भए, हरेक जिल्लामा सुविधासम्पन्न अस्पताल, बिरामीलाई निःशुल्क उपचारको व्यवस्थापन मिलाउन सकिन्थ्यो नि । गरिब जनता मारेर सरकारले धनीहरूलाई पोसिरहेको छ । सरकारले केही उपचार र औषधि निःशुल्क गरेको छ । तर, त्यो वास्तविक गरिबको हातमा परिरहेको छ त ?

सरकारलाई थाहा छैन । विचरा ती गरिबहरूलाई पनि यो कुराको जानकारी छैन । निःशुल्क उपचार र औषधि हुनेखानेले लिइरहेका छन् । सरकारले कहाँ-कहाँ, के-के निःशुल्क दिएको छ ? गरिबलाई थाहा हुँदैन । दुई छाक टार्न दौडिरहेकाहरूलाई यस्तो विषयमा के थाहा हुन्छ ? अनि त्यसको फाइदा उठाउँछन्, पुँजीपति वर्गहरू ।

वडामा गएर कागजात मिलाउँछन्, अनि निःशुल्क उपचारको सुविधा लिन्छन् । हरेक क्षेत्रमा आर्थिक अवस्था कमजोर भएका, आवाज उठाउन नसक्नेलाई मारिएको छ । सरकारले निःशुल्क बाँडिएको औषधि पनि मेडिकलमा किन्न बाध्य छन्, गरिबहरू । पैसा भए किन्यो, नत्र जति दुःखे पनि सहेर बस्यो । राजनीतिक दलका नेताहरू जनताको नाम बेचेर पदमा पुग्ने, कर्मचारी पनि राष्ट्र सेवक भनेर लुट्ने, व्यापारी हामीले सेवा गरेका छौं भनेर ठग्ने अनि मर्कामा पर्ने सधैं जनता । जनता सधैं पछाडि नै पर्छन् । हुने-खानेहरूले आफ्नो सन्तान माथि पुर्‍याइहाल्छन् । तर, गरिबहरूको हकमा पहिले शिक्षाकै अभाव छ ।

आर्थिक अवस्था कमजोर भएका अभिभावकको सन्तान अशिक्षित हुन्छन् । किनकि उनीहरूसँग सन्तानको पोसाक, कापी कलम किनिदिने पैसा छैन । अशिक्षित भएपछि उसले रोजगारी पाउँदैनन् । रोजगारी नभएपछि उसलाई खान, लाउनकै समस्या हुन्छ । उसको सन्तान पनि ऊजस्तै बन्छ ।

गरिब सधैं गरिब नै रहिरहने भए । बाठाटाठा, पहुँचवालले गरिबको नाम बेचेर लुटिरहने भए । बेलाबखत समाचारमा आइरहन्छः उपचार गर्ने पैसा नभएर रोग पालेर बसेको । यस्तो समाचार आउँदा पनि सरकारलाई अलिकति लाज लाग्दैन् । जनताप्रति सरकार कतिको दायित्वबोध छ ? यो त छर्लंग भइहाल्यो । स्वास्थ्य र शिक्षा राजनीतिक दलको घोषणापत्रमै सीमित हुने भो । सरकारलाई गीत गाउने एउटा एजेण्डा बन्यो ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *–संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

पृष्ठ १ बाट क्रमश:

## एउटै मुद्दामा...

त्यही भएर पहिलो कार्यकालमै तीनपटक युवा तथा खेलकुदमन्त्री, दोस्रो कार्यकालमा तीनपटक भौतिक पूर्वाधारमन्त्री बने ।

पछिल्लोपटक गत १७ भदौसम्मै उनी मन्त्री थिए । भौतिकबाट वनमन्त्री बनाइएपछि रुष्ट उनले मन्त्रालय नै बेच्न राखेको भनेपछि निकै आलोचित भए । तर, संकटको बेला साथ दिएको भन्दै मनाङेलाई हटाउन चौतर्फी दबाब बढ्दासमेत मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे तयार थिएनन् । विवादकैबीच मनाङे राजीनामा बुझाएर सत्ताबाहिर गए । यसपछि मुख्यमन्त्री पाण्डेलाई हाइसञ्चो भयो । उनी हाल गण्डकी संसद्मा स्वतन्त्र सांसद हुन् । उनको पद निलम्बन भइसकेको छैन ।

यसअघि उनी नेकपा एकीकृत समाजवादीका सांसद थिए । तर, जतिबेला उनी गुण्डा नाइके भनेर चिनिए, त्यसबेला कांग्रेस थिए । त्यसपछि राप्रपा भए । यसरी दलसमेत अदलबदल गरेका मनाङे त्यस्ता प्रदेश सांसद भए, जो गण्डकीमा हालसम्म मुख्यमन्त्री भएका पृथ्वीसुब्बा गुरुङ, कृष्णचन्द्र नेपाली, खगराज अधिकारी र सुरेन्द्रराज पाण्डे गरी चार जनाकै क्याबिनेटमा सहजै मन्त्री बन्ने सौभाग्य पाउनेमा एक्ला सांसद भए ।

उनी राजनीतिका चतुर खेलाडी पनि देखिए । जस्तो, २०७७ मा नेकपा फुटेपछि माओवादी केन्द्रले पृथ्वीसुब्बा गुरुङलाई दिएको समर्थन फिर्ता लियो । गुरुङले १६ वैशाख २०७८ मा सरकार जोगाउन मनाङेलाई युवा तथा खेलकुद मन्त्रालय सुम्पियो । त्यसबेला गुरुङले सामाजिक विकास मन्त्रालय फुटाएर मनाङेलाई खेलकुद मन्त्रालय सुम्पिएका थिए । यद्यपि, नेकपा विभाजनपछि अल्पमतमा परेका गुरुङ राजीनामा दिएर ठूलो दलको हैसियतमा पुनः मुख्यमन्त्री बने । उनले त्यसबेला मनाङेलाई फेरि मौका दिए । पृथ्वीसुब्बाको सरकार ढलेपछि १९ जेठ २०७८ मा कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेललाई सघाएर पुनः मनाङेले खेलकुद मन्त्रालय हत्याए ।

गण्डकी संसद्को दोस्रो कार्यकालको प्रारम्भमै मन्त्रीको लोभमा एकीकृत समाजवादीमा मनाङे प्रवेश गरे । यसपछि माओवादी केन्द्र, राप्रपा र मनाङेकोसमेत समर्थनमा एमालेका खगराज अधिकारी मुख्यमन्त्री चुनिए । तर उनले मनाङेलाई मन्त्री बनाएनन् । माओवादी केन्द्रले अधिकारीलाई दिएको समर्थन फिर्ता लिएर १४ वैशाख २०८० मा कांग्रेसका सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्रीमा सघायो । केन्द्रमा समीकरण बदलिएपछि ०८० चैतमा पाण्डेको सरकार अल्पमतमा पर्‍यो । पाण्डेले सरकार जोगाउन मनाङेलाई २९ वैशाख मा भौतिक पूर्वाधार मन्त्रालय जिम्मा दिए ।

यसपछि माओवादीले अधिकारीलाई समर्थन गरेपछि उनी पुनः एमाले-माओवादी गठबन्धन सरकारमा भौतिक पूर्वाधार मन्त्रालय नै लिएर सामेल भए । यद्यपि, सर्वोच्चको परमादेशले अधिकारीको मुख्यमन्त्री पद गुम्यो । मनाङेले पुनः पाण्डे नेतृत्वको सरकारमा भौतिक पूर्वाधार मन्त्रालय सम्हाले तर १७ असारमा बनेको कांग्रेस-एमालेको सत्ता समीकरणले अन्ततः वन मन्त्रालय पाउँदा असन्तुष्ट मनाङे राजीनामा दिँदै त्यसयता सत्ताबाहिर बसे । अन्ततः मंगलबार उनको कारागार यात्रा तय भयो ।

# लुम्बिनी विकास कोषको बजेट साढे ७७ करोड




**लुम्बिनी (प्रस)**– लुम्बिनी विकास कोषको परिषद् बैठकले आर्थिक वर्ष २०८१/८२ को बजेट पारित गरेको छ । कोषका अध्यक्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद् बैठकले बजेट पारित गरेको हो । परिषद्ले ७७ करोड ५५ लाख ९२ हजार रूपैयाँको आयव्यय अनुमानित बजेट पारित गरेको हो ।

कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले प्रस्ताव गरेको बजेटमा आन्तरिकतर्फ ३२ करोड ५५ लाख ९२ हजार रूपैयाँ र सरकारको अनुदान ४५ करोड रूपैयाँ गरी उक्त आम्दानी खर्चको अनुमान गरेको हो । कोषका सदस्यसचिव सानुराजा शाक्यले आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेको प्रतिवेदन सुझावसहित पारित गरिएको छ ।

प्रस्तुत बजेट नीति र कार्यक्रमले आय बढाउन दर्शनार्थीको संख्या बढाउने, दियो बत्तीको सेवालाई थप वृद्धि विस्तार गर्ने, उपहार, दान तथा चन्दा व्यवस्थापन गर्ने, काठ लिलाम बिक्री, पार्किङ, लुम्बिनी प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरणमा प्राथमिकता दिएको छ । व्ययतर्फ लुम्बिनी गुरुयोजनाको कार्यान्वयन, युनेस्को विश्वसम्पदा कमिटीका सुझाव कार्यान्वयन, पूर्वाधार निर्माण, तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने र स्थानीय तहसँगका सहकार्य गर्ने योजना प्राथमिकतामा छन् ।

बैठकमा मन्त्री पाण्डेले लुम्बिनीको विकास र सुधारमा मन्त्रालय र आफ्नो तर्फबाट पर्याप्त रूपमा सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु भएकाले यसबाट लुम्बिनी र त्यस क्षेत्रका पर्यटकीय क्षेत्रले लाभ लिनुपर्ने बताए ।

